
# हंगकंगमा अपांगता भेदभाव

## संक्षिप्त विवरण

जनसंख्या वुढो हुँदै जादाँ, हंगकंगमा अपांगता भएका व्यक्ति (PWDs) हरूको संख्या हालका वर्षहरूमा उल्लेख्यरूपमा वृद्धि भएको छ। समाजमा अपांगताको बारे वृद्धि भएको जानकारीलाई मध्यनजर गर्दै-गर्दा, PWDs सम्वन्धी आम धारणा एक-आयामिक छ, जसले गर्दा धेरैजसो मानिसले यो समूहका व्यक्तिहरूको क्षमता तथा योग्यताहरूलाई वेवास्ता गर्दछन्। जसको परिणामस्वरूप, समाजमा धेरै PWDs लाई सीमान्तीकृत तथा अवसरहरूबाट बञ्चित गरिएको छ।

## जनसांख्यिकीय

- सन् 2013 मा, हंगकंगमा लगभग 578,600 वा कुल जनसंख्याको 8.1% जति अपांगता भएका व्यक्तिहरू थिए। उक्त आँकडा सन् 2007 को संख्याभन्दा 60% उच्च थियो।
- बौद्धिक अपांगता भएका व्यक्तिहरूको कुल संख्या 71,000 देखि 101,000 वा कुल जनसंख्याको 1% देखि 1.4% को दायरामा रहेको अनुमान गरिएको छ।
- लगभग 70% PWD हरू 60 वर्ष वा सोभन्दा बढी उमेरका थिए।
- अपांगता भएका व्यक्तिहरूमा पुरूष (43.2%) भन्दा महिला (56.8%) धेरै थिए।





*(स्रोत: Special Topics Report no. 62, Persons with Disabilities and Chronic Diseases, Census and Statistics Department)*

## आर्थिक क्रियाकलाप

- आर्थिक रूपमा सक्रिय PWDs को अनुपात समग्र जनसंख्याको भन्दा एकदमै न्यून छ। 15 वर्ष वा माथि उमेरका 558,000 PWDs मध्ये जम्मा 14.5% आर्थिकरूपमा सक्रिय थिए, जवकि 85.5% अर्थात 477,000 जना आर्थिकरूपमा निस्क्रिय थिए। यसको विपरित, कूल जनसंख्याको जम्मा 39.5% मात्रै आर्थिकरूपमा निस्क्रिय थिए। काम-गर्ने-सक्ने उमेरका श्रम वजारमा सहभागी भएका PWDs को बेरोजगारी दर सन् 2013 मा 6.7% पुग्यो जुन समग्र जनसंख्याको सोही उमेर समूहको दर (3.7%) भन्दा दोब्बर हो।
- काम गर्ने समग्र जनसंख्याको 20.1% सामान्य (न्यून-दक्ष आवश्यक) पेशाहरूमा कार्यरत थिए भने काम गर्ने PWDs मध्ये 34.0% सामान्य पेशाहरूमा कार्यरत थिए। करिव आधा जसो रोजगार भएका PWDs ले प्रति महिना HK$ 10,000 भन्दा कम कमाए। सन् 2013 मा PWDs को मासिक मध्यस्थ आम्दानी HK$ 9,500 तुलनामा सोही वर्ष कूल रोजगार भएकाहरूको आम्दानी HK$ 13,000 रहेको थियो।
- सन् 2013 मा 43,900 PWDs ले माध्यमिक तहभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेका थिए। तै पनि जम्मा 34.7% मात्रै रोजगार थिए।
- सन् 2013 मा, अपांगता भएको व्यक्ति सदस्य भएका घरपरिवारको गरिबी दर (वार्षिक नगद हस्तक्षेपपछि) 29.5% थियो, जुन आम जनसंख्याको भन्दा दोब्बर हो (14.5%)।

## शिक्षा

- अपांगता भएका व्यक्तिहरूको शैक्षिक योग्यता आम जनसंख्याको भन्दा उल्लेखनीय रूपमा न्यून थियो।
- बौद्धिक अपांगता भएका व्यक्तिहरू गणना नगर्ने होभने 37.1% PWDs ले जम्मा प्राथमिक शिक्षा हासिल गरेको थिए, जबकी 18.5% आम जनसंख्याले उक्त शिक्षा हासिल गरेका थिए। एक-चौथाई PWDs विद्यालय नगएका वा पूर्व-प्राथमिक शिक्षा हासिल गरेका थिए।
- जम्मा 7.6% PWDs ले माध्यमिक भन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको तुलनामा आम जनसंख्याको 25% ले उच्चशिक्षा (विश्वविद्यालय तहको) हासिल गरेका थिए।




## कानूनमा संरक्षण - अपांगता भेदभाव अध्यादेश (DDO)

सन् 1996 मा अपांगता भेदभाव अध्यादेश लागू गरिएको थियो जसले जनतालाई अपांगताको आधारमा हुने भेदभाव, दूर्व्यवहार तथा गालीगलौजबाट संरक्षण गर्दछ। वर्षैंसम्म निरन्तररूपमा EOC ले हेर्ने उजुरीहरूको ठूलो हिस्सा DDO अन्तर्गत प्राप्त हुने उजुरीहरूले ओगट्ने गर्दथे। सन् 2018 मा EOC ले DDO अन्तर्गत 677 उजुरीहरू हेरेको थियो, जसको 56% (378 मुद्दाहरू) रोजगारसँग सम्बन्धित थिए।

PWDs को सुरक्षालाई सुदृढ बनाउनको लागि, भेदभाव सम्बन्धी कानूनको समीक्षामा DDO लाई संशोधन गर्न EOC ले सरकारलाई सिफारिस गरेको थियो। सिफारिसहरू निम्न बमोजिम छन्:

1. कानूनले समावेश गर्ने क्षेत्रहरूमा, PWDs का लागि उपयुक्त अनुकूलता उपलब्ध गराउनु पर्ने कानूनी आवश्यकता बनाइनु पर्ने;
2. सहायता जनावर साथमा भएका व्यक्तिहरूलाई भेदभावबाट संरक्षण गरिनुपर्ने।

भेदभाव कानूनको समीक्षाको जानकारीका लागि: http://www.eoc.org.hk/eoc/graphicsfolder/inforcenter/dlr/default.aspx

## सरकारले तथ्यांक संकलन गर्दा PWD लाई निम्नानुसार परिभाषित गर्छ:

- 6 महिना वा सोभन्दा बढी समयावधिसम्म शरीरिक अंगहरू चलाउनमा अवरोध भएको, दृष्टि सम्बन्धी कठिनाइ भएको, सुनाईमा कठिनाइ भएको र बोलाईमा समस्या भएको भनी स्वयं पहिचान गर्ने कुनै व्यक्ति;
- मानसिक अस्वस्थता/मनोदशा असन्तुलन, अटिजम, विशेष अध्ययन सम्बन्धी समस्याहरू र ध्यान केन्द्रित गर्नमा समस्या हुने/धेरै चकचके हुने समस्या भएको भनी दक्ष स्वास्थ्य अधिकारीद्वारा पहिचान गरिएका कुनै व्यक्ति।

## अपांगता भेदभाव अध्यादेश (DDO) अन्तर्गत अपांगताको परिभाषामा निम्न समावेश हुन सक्छन्:

- पूर्ण वा आंशिक रूपमा व्यक्तिको शारीरिक वा मानसिक कार्यहरूको क्षति हुनु;
- व्यक्तिको शरीरको कुनै अंगको पूर्ण वा आंशिक रूपमा क्षति हुनु;
- रोग वा बिमारी निम्त्याउने जिवाणुहरू (जस्तै HIV)को उपस्थिति हुनु;
- व्यक्तिको शरीरको कुनै अंगमा खराबी, विकृति, वा विरूपता हुनु; वा
- असन्तुलन, बिमारी वा रोग जसले व्यक्तिका वास्तविकताको बोध, मनोभावनाहरू वा निर्णयशक्तिलाई प्रभावित गर्दछ वा जसले गर्दा अशान्त व्यवहार हुने र सिकाई कठिनाई (असक्षमता) हुने गर्दछ।

*स्रोत:*

- *Hong Kong Poverty Situation Report on Disability 2013*
- *Special Topics no.62, Persons with Disabilities and Chronic Diseases (2014), Census and Statistics Department*

प्रतिलिपि अधिकार © **Equal Opportunities Commission**, जुन 2019
ठेगाना: 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong
टेलिफोन: 2511 8211 फ्याक्स्: 2511 8142 इ-मेल: eoc@eoc.org.hk वेबसाइट: www.eoc.org.hk